# निजी क्षेत्रले माग्यो तत्काल राहत प्याकेज

**काठमाडौं, (नेस)**

उद्योगी, व्यवसायीले लकडाउनको कारण बन्द हुने अवस्थामा पुगेका उद्योग प्रतिष्ठान सञ्चालन गर्न सरकारले तत्काल राहत प्याकेज ल्याउनुपर्ने बताएका छन्। प्रतिनिधि सभाको अर्थ समितिको बिहीबारको बैठकमा सहभागी उद्योगी व्यवसायीहरूले आगामी वर्षको बजेटमार्फत राहत प्याकेज घोषणा गर्न माग गरेका हुन्।

उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अहिले निजी क्षेत्रको मनोबल गिरेको भन्दै त्यसलाई माथि उठाउन राहत प्याकेज चाहिने बताउनुभयो। 'निजी क्षेत्रको अहिले मोरल एकदम डाउन भइसकेको छ। अहिले यो अवस्थाबाट हामी कसरी बाहिर निस्कने र कसरी बाँच्छौं भन्ने कुरा सबै निजी क्षेत्रले अहिले सोचिरहेको छ। यस्तो बेलामा चाँडोभन्दा चाँडो एउटा कुनै प्याकेज सरकारबाट आएन भने निजी क्षेत्रको मनोबल अझ खस्किन्छ।' उहाँले भन्नुभयो। बैंकको ब्याजदर पाँच प्रतिशतमा ल्याउनुपर्ने, पुनर्कर्जा कोषलाई एक खर्ब पुऱ्याई कर्जा पाउन सहज बनाइनुपर्ने, पुनर्कर्जाको समय अवधि ६ महिनाबाट २ वर्ष पुऱ्याइनुपर्ने, साना तथा मझौला व्यवसायीलाई पनि पुनर्कर्जा दिनुपर्ने उनले माग गर्नुभयो। त्यस्तै पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगहरूले लकडाउनको अवस्थामा ५० प्रतिशत मात्र तलब भुक्तानी गरे हुने व्यवस्था गर्न पनि उहाँले माग गर्नुभयो।

छलफलमा नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष राजेन्द्र मल्लले सरकारले सामाजिक सुरक्षा कोषमा निजी क्षेत्रबाट उठाउँदै आएको रकमलाई पुनर्कर्जा कोषमा ल्याउनुपर्ने बताउनुभयो। उहाँले गाउँमा हुने उत्पादन, घरेलु र साना उद्योगबाट हुने उत्पादन बढाउन पनि विशेष ब्याजदरमा रकम दिनुपर्ने बताउनुभयो।

उद्योग परिसंघका उपाध्यक्ष निर्वाण चौधरीले अहिले सञ्चालनमा रहेका उद्योगहरूलाई पुनः सञ्चालन गर्नका लागि नै आफूहरूले सरकारसँग सहयोग मागिरहेको बताउनुभयो। उहाँले सरकारले नयाँ उद्योग सञ्चालन भन्दा पनि अहिले भइराखेका उद्योगहरूलाई नै सहज रूपमा सञ्चालन गर्न ध्यान दिनुपर्ने बताउनुभयो।

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले अर्थतन्त्रमा कृषिपछिको योगदान पूर्वाधार क्षेत्रको रहकोले सरकारले बजेट मार्फत पूर्वाधारका लागि विशेष प्याकेज ल्याउनुपर्ने बताउनुभयो। लकडाउनका कारण निर्माण व्यवसायीले बैंकबाट लिएको ३ खर्ब ४१ अर्ब रुपियाँ ऋणको किस्ता भुक्तानी गर्न सक्ने अवस्था नरहेको सिंहको भनाइ छ। उहाँले निर्माण क्षेत्रका लागि पनि पुनर्कर्जाको सुविधा नदिए बैंकिङ क्षेत्रमा मात्र नभई अर्थतन्त्रमा नै समस्या आउन सक्ने र आगामी चैतसम्म कर्जाको किस्ता तिर्नसमेत नसक्ने बताउनुभयो।

घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले घरेलु तथा साना उद्योग सञ्चालनका लागि सरकारले सहजता प्रदान गर्नुपर्ने बताउनुभयो।

# चान्सलरको आदेशले बुन्डेसलिगामा खुसी

**म्युनिख, (एजेन्सी)**



कोरोना भाइरस महामारीको चपेटामा परेको खेलकुद विस्तारै सञ्चालन हुने सम्भावना बढ्दै गएको छ। मार्चदेखि ओलम्पिक, विश्वकप फुटबल छनोट, विश्वस्तरीय अन्य खेलसँगै प्रमुख प्रतियोगिता स्थगित र रद्द भएका छन्।

तर केही दिनदेखि विश्व खेलकुदअन्तर्गत युरोपेली लिगहरू सञ्चालनमा ल्याउन कोसिस भइरहेको छ। जसमा जर्मन बुन्डेसलिगा, इंग्लिस प्रिमियर लिग, इटाली, सिरी ए र स्पेनी ला लिगा रहेका छन्। तर युरोपेली लिगमध्ये एक चर्चित लिग फ्रेन्च वान लिगको यो सिजन रद्द गरिएको थियो। जर्मन चान्सलर एन्जेला मोर्केलले यही महिना बुन्डेसलिगा पुनः सञ्चालन गर्न आदेश दिएकी छन्। योसँगै बुन्डेसलिगामा खुसीको लहर फैलिएको छ र जर्मन फुटबल लिगले मे १६ देखि पुनः लिग शुरु गर्ने भएको छ। जर्मन फुटबलले जनाएअनुसार सबै खेल बन्द रंगशालामा हुनेछन्। लकडाउनपछि पुनः शुरु हुनेमा बुन्देसलिगा युरोपको पहिलो प्रमुख फुटबल लिग हुनेछ। साथै विश्वका अन्य फुटबल लिगका लागि पनि यो प्रेरणा बन्न सक्ने बताइएको छ।

जर्मन लिगमा नौ चरणका खेल बाँकी रहेका छन्। अंकतालिकामा शीर्ष स्थानमा रहेको बायर्न म्युनिखका प्रमुख कार्ल हेइन्ज रुमेनीजले राजनीतिज्ञहरूलाई धन्यवाद दिए। उनले भने- 'बुन्डेसलिगाको बाँकी सिजन शुरु गरेर अन्त्य गर्न अनुमति दिएकोमा राजनीतिज्ञहरूलाई धन्यवाद दिन चाहन्छु। हामीहरू अब पुनः शुरु हुने खेलका लागि प्रतीक्षारतमा छौं। हुन सक्छ मेको मध्यमा खेल हुनेछ।' जर्मन फुटबल लिगका प्रमुख कार्यकारी क्रिस्टियन सेइफर्टले बताए- 'यो निर्णय बुन्डेसलिगा र बुन्डेसलिगा-२ का लागि राम्रो समाचार हो। सबैले अनुशासित व्यवहार गर्न आवश्यक छ। क्लबहरू र खेलाडीहरू यसका लागि तयार हुनुपर्छ। दर्शक नभए पनि खेलमा ध्यान दिन आवश्यक छ।'

### कसरी खेलिनेछ

रंगशालामा दर्शक नहुने भएपछि यसको विकल्पका लागि जर्मन फुटबल लिगले दर्शक र कोच कराएको अडियो गुन्जने जनाएको छ। बुन्डेसलिगामा बढीमा ३ सय २२ जना र बुन्डेसलिगा-२ मा बढीमा २ सय ७० जना उपस्थित हुनेछन्। ३ सय २२ मा खेलाडी, कोच, रेफ्री, जर्नलिस्ट, टिभी क्यामेरापर्सन, डोपिङ कन्ट्रोलर, स्टेवार्ड, सेक्युरिटी, ग्राउन्डसमेन र बल ब्वाइज हुनेछन्। यसमध्ये ९८ जना रंगशालाभित्र, १ सय १५ जना स्ट्यान्ड र १ सय ९ जना रंगशालाबाहिर रहनेछन्। खेलाडीहरू रंगशालामा पस्दा छुट्टाछुट्टै आउनेछन् र उनीहरूलाई खेल अघि हात मिलाउने र फोटो खिच्न बन्देज लगाइनेछ। खेलाडीले स्वास्थ्य सरसफाइका सामान स्वयम्ले बन्दोबस्त गर्नुपर्ने हुन्छ।

### कोरोनाको असर

विभिन्न क्लबका १ हजार ७ सय २४ जना खेलाडीको परीक्षण हुँदा १० खेलाडीमा कोरोना संक्रमण भेटिएको थियो। ९ मेमा खेल्ने तय गरेपछि खेलाडीहरूले गत महिना प्रशिक्षण शुरु गरेका थिए। जर्मनी सरकारले २४ अक्टोबरसम्म भीडभाड हुने कार्यक्रममा रोक लगाएको छ। त्यसैले खेलहरू बन्द रंगशालामा हुने तय भएको हो। जर्मनीमा हालसम्म कोरोना भाइरसका कारण ७ हजार नागरिकको मृत्यु भएको छ। यो युरोपमा बेलायत, इटाली, फ्रान्स र स्पेनको तुलनामा निकै कम क्षति हो।

### अन्य लिग पनि शुरु

यसै गरी टर्किस सुपर लिग १२ जुनदेखि पुनः शुरु हुने घोषणा भएको छ। टुर्किस लिग जुलाईमा सकाउने योजनामा छ। फुटबल महासंघका प्रमुख निहाट ओजडेमिरले टुर्कीले अगस्टमा च्याम्पियन्स लिग फाइनल आयोजना गर्ने बताएका छन्। क्रोएसियाको शीर्ष लिग विनादर्शक पुनः सञ्चालनमा आउने भएको छ। इटाली सिरी ए पनि सञ्चालनमा आउने भएपछि क्लबका खेलाडीहरू प्रशिक्षणमा जुटेका छन्। यस्तै ला लिगा क्लबहरू पनि पन्जा, माक्स लगाएर प्रशिक्षण गरिरहेका छन्।

### प्रिमियर लिगमा सन्देह

प्रिमियर लिग भने कसरी गर्ने भनेर छलफल भइरहेको छ। प्रिमियर लिग पुनः सञ्चालन गर्न तटस्थ मैदानमा खेल्ने प्रस्ताव ल्याएको छ। रेलिगेसन क्षेत्रमा रहेका तल्लो ६ टोली यसका लागि तयार नभएको पनि प्रिमियर लिगले जनाएको छ। उनीहरू तटस्थ मैदानको प्रस्तावबाट सन्तुष्ट छैनन्। यदि यो प्रस्ताव क्लबहरूले अस्वीकार गरेमा लिग रद्द हुने लिग मेनेजर संघका प्रमुख कार्यकारी रिचार्ड बेभनले बताएका छन्। यसको सोमबार हुने मतदानबाट निर्णय हुनेछ। यदि २० मा १४ मत आएमा लिग १२ जुनदेखि सञ्चालन हुनेछ।

# लकडाउन प्रभावितलाई खाना खुवाउँदै धुर्मुस-सुन्तली



प्रलयकारी भूकम्पछि निरन्तर सामाजिक कार्यमा सक्रिय हास्य कलाकार दम्पती सीताराम कट्टेल र कुञ्जना घिमिरेको सामाजिक संस्था धुर्मुस-सुन्तली फाउन्डेसनले कोरोना प्रभावित नेपालीका लागि विभिन्न राहत सामाग्री प्रदान गर्दै निःशुल्क भोजको व्यवस्था मिलाएको छ।

कोरोनाको महामारीले विभिन्न स्थानमा अलपत्र परेका तथा बिहान बेलुका खाना खानसमेत समस्या भएका नेपालीका लागि फाउन्डेसनले विभिन्न तरिकाले सहयोग गरिरहेको छ। लकडाउनपीडितका लागि राहतका प्याकेज वितरण गरिरहेको फाउन्डेसनले लकडाउनपीडितका लागि अहिले निःशुल्क भोजन शुरू गरेको छ। लकडाउनका कारण दैनिक ज्यालादारी गर्ने मजदुर, असहाय तथा विपन्न परिवारको समस्यालाई मध्यनजर गरी फाउन्डेसनले ललितपुरको थसीखेलमा निःशुल्क भोजनको व्यवस्था गरेको हो। ललितपुरस्थित प्रतिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडसँगको सहकार्यमा फाउन्डेसनले मंगलबारबाट प्रतिभा सहकारीको भवनअगाडि भोजनको व्यवस्था गरेको हो। फाउन्डेसनले अशक्त तथा विपन्नवर्गका पीडितका लागि बिहान ९ बजेदेखि ११ बजेसम्म र साँझ ५ बजेदेखि ७ बजेसम्म निःशुल्क भोजनको व्यवस्था गरेको हो। फाउन्डेसनले पीडितलाई भोजनमा सहभागी हुन अनुरोधसमेत गरेको छ। विभिन्न स्थानमा रहेका नेपालीलाई सहयोग गर्न फाउन्डेसनका अध्यक्ष सीताराम कट्टेलले सबैलाई अनुरोध गरेका छन्।

फाउन्डेसनले पहिलो चरणमा उद्धार कार्य र दोस्रो चरणमा राहत वितरण गर्दै अहिले निःशुल्क भोजनको व्यवस्था गरेको हो। गत वैशाख ९ गते कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयमा अध्यनरत २ सय जना विद्यार्थीका लागि राहत वितरणसँगै लकडाउनबाट प्रभावित पहिचान गरी निरन्तर सहयोग गरिरहेको छ। त्यससँगै फाउन्डेसनले झापामा अलपत्र परेका चितवनका २४ विद्यार्थीलाई चितवन र ललितपुरमा अलपत्र अवस्थामा रहेका ९५ जना मजदुरलाई दुईवटा बस रिजर्भ गरी उनीहरूको गृहजिल्ला दाङ पठाएको थियो। फाउन्डेसनले सीताराम र कुञ्जनाको प्रत्यक्ष सहभागितामा काठमाडौं, ललितपुर तथा भक्तपुरमा रहेका विपन्न, गरिब, रोगी, ज्याला मजदुरी गरी गुजारा गर्ने मजदुर, अशक्त, विद्यार्थी, वृद्ध, गर्भवती महिलालगायतका पीडित पहिचान गरी अवस्थाअनुसार आर्थिक सहयोगसमेत गरेको छ। त्यसै गरी आमाको मुख हेर्ने दिनको अवसरमा सीतारामले पीडामा रहेका लकडाउन प्रभावित आमाहरूलाई आर्थिक सहयोग गरेका थिए। सीतारामका अनुसार कोरोना प्रभावितका लागि हालसम्म ११ लाख बराबरको राहत विरण गरिसकिएको छ।

# पर्यटन क्षेत्रमा पुनःस्थापना प्याकेज ल्याउने तयारी

**काठमाडौं, (नेस)**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले कुनै पनि पर्यटन व्यवसायीले श्रमिकलाई कामबाट निकाल्न नपाउने बताउनुभएको छ। कोरोना भाइरसको नियन्त्रण रोकथामका लागि लकडाउन लागू गरिएपछि होटल संघ नेपाल (हान) ले होटल बन्द गर्ने र कर्मचारीलाई केही प्रतिशत रकम पारिश्रमिक दिने निर्णय गरेपछि मन्त्री भट्टराईले कसैले पनि श्रमिकलाई कामबाट हटाउन नपाउने बताउनुभएको हो। 'श्रमिकको हकमा हामीले भनेका छौं, कुनै पनि व्यवसायीले श्रमिकलाई अहिले बेदखल गर्न पाइँदैन' उहाँले भन्नुभयो-'उहाँहरूको सामाजिक सुरक्षा कोष पनि छ साथै होटल र अन्य कतिपय व्यवसायबाट प्राप्त गर्नुपर्ने विशेष सुविधा पनि छ, सरकारले पनि त्यसमा हेर्छ।'

उहाँले कोरोना भाइरसबाट परेको प्रभावलाई कम गर्नका लागि व्यवसायी र श्रमिकको हितमा केही पुर्नस्थापना प्याकेजहरू अगाडि सार्ने सोचका साथ मन्त्रालय लागेको बताउनुभयो। मन्त्रालयले निश्चित रकमसम्म व्यवसाय सुचारु गर्नका लागि बिना धितो सहुलियत दरको कर्जा उपलब्ध गराउने, पुरानो ऋणको पुर्नतालकीकरण गर्ने, भ्याट तथा ट्याक्समा छुट दिने लगायतका विषयमा सहयोग गर्ने मन्त्री भट्टराईको भनाइ छ। मन्त्री भट्टराईले पर्यटन क्षेत्रको विकासका लागि आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत १० वर्षे रणनीति घोषणा गर्न लागिएको समेत बताउनुभयो। उहाँले भ्रमण वर्ष २०२० स्थगित भइसकेको अवस्थामा सन् २०२१ देखि २०३० सम्मलाई पर्यटन दशकको रूपमा मनाउने गरी घोषणा गरिने समेत बताउनुभयो। सन् २०२० लाई सर्भाइभको वर्ष, २०२१ लाई रिभाइभ र २०२२ पछिका वर्षलाई नर्मल पोजिसनको वर्षको रूपमा लिएर काम गरिने समेत उहाँले बताउनुभयो।


कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७७/०१/२६

यस कटारी नगर पालिका कार्यालय कटारी उदयपुरको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ठेक्का नं.: 06/Uda/Katarimun/076-077 देखी ठेक्का नं. 11/Uda/Katarimun/076-077 सम्मको वोल-पत्रहरुमा तपशिल वमोजिमका न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराईन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ तपशिलमा उल्लेखित वोलपत्रदातालाई यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल :-**

| ठे.नं | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर सहित रकम रु. | कैफियत |
|---|---|---|---|---|
| 06/Uda/Katarimun/076-077 | Construction of W L Health Care Center Building ward no-1. | नवरंग कन्ट्रक्सन लहान-७, सिरहा | 3788311.43 | |
| 07/Uda/Katarimun/076-077 | Construction of W L Health Care Center Building ward no-3. | आर्यान कन्ट्रक्सन कटारी-३, उदयपुर | 3583963.92 | |
| 08/Uda/Katarimun/076-077 | Construction of W L Health Care Center Building ward no-5. | उदयपुर लामा कन्ट्रक्सन कटारी-५, उदयपुर | 3487390.29 | |
| 09/Uda/Katarimun/076-077 | Construction of W L Health Care Center Building ward no-6. | शिवशक्ती निर्माण सेवा वर्रे- ४, उदयपुर | 3758196.04 | |
| 10/Uda/Katarimun/076-077 | River Training & Tatbadh work, katari- 6 Baidnath | आर्यान कन्ट्रक्सन कटारी-३, उदयपुर | 3062271.75 | |
| 11/Uda/Katarimun/076-077 | Construction of W L Health Care Center Building ward no-2. | रिपव्लीक कन्ट्रक्सन प्रा.ली | 3798259.54 | |

प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**विद्युत विकास विभाग**
सानो गौचरण, काठमाण्डौं

**टक्सार पिखुवाखोला जलविद्युत आयोजनाको ३३ के.भि. विद्युत प्रसारण लाईन सम्बन्धी सार्वजनिक सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०७७/१/२५**

प्रदेश नं. १ अन्तर्गत पर्ने भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नं. १२ (साविक कोशी अञ्चल भोजपूर जिल्लाको टक्सार र भोजपुर गा.वि.स.) मा टक्सार पिखुवाखोला हाईड्रोपावर प्रा.लि.बाट प्रर्बद्धित टक्सार पिखुवाखोला जलविद्युत आयोजना (८ मेगावाट)बाट उत्पादित विद्युत शक्ति भोजपुर नगरपालिका वडा नं. १२, बेहेरे दोभान पिपलटारमा निर्माणाधिन विद्युत गृहको प्रस्तावित स्विचयार्ड देखि सोही जिल्लाको भोजपुर नगरपालिका वडा नं. ९ पानी टंयाङ्की स्थित नेपाल विद्युत प्राधिकरणको पानी टंयाङ्की (भोजपूर) सवस्टेशनसम्म करिब ७.५ किलो मिटर लम्बाइ भएको ३३ के.भि.सिंगल सर्किट विद्युत प्रशारण लाइन मार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गर्ने प्रयोजनका लागि विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रर्बद्धक श्री टक्सार पिखुवाखोला हाईड्रोपावर प्रा.लि.ले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपशिल बमोजिमका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित ३३ के.भी. विद्युत प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस विद्युत विकास विभागमा वा प्रर्बद्धक टक्सार पिखुवाखोला हाईड्रोपावर प्रा.लि.को कार्यालयमा आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री टक्सार पिखुवाखोला हाईड्रोपावर प्रा.लि. कम्पनी ऐन, २०६३ बमोजिम गठन भएको जलविद्युत उत्पादन तथा विकी गर्ने संस्था हो।
२. यस प्रसारण लाईन आयोजनाको भोल्टेज ३३,००० भोल्ट, प्रसारण क्षमता ८,००० किलोवाट र सिंगल सर्किट हुनेछ।
३. प्रस्तवित प्रसारण लाईन आयोजना भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नं. १२, बेहेरे दोभान पिपलटारमा निर्माणाधिन विद्युत गृहको प्रस्तावित स्विचयार्ड देखि करिब ७.५ किलोमिटर लम्बाइ भएको ३३ के.भि.सिंगल सर्किट विद्युत प्रशारण लाइन सोही जिल्लाको भोजपुर नगरपालिका वडा नं. ९, पानी टंयाङ्की स्थित नेपाल विद्युत प्राधिकरणको पानी टंयाङ्की (भोजपूर) सवस्टेशनमा जडान गरिने छ।
४. यस विद्युत प्रसारण लाईन अन्तर्गत करिव १२३ वटा पोलहरु निर्माण गरिने छन् र एक पोल देखि अर्को पोलसम्मको सरदर दूरी ६०-७० मि.सम्म हुनेछ। पोलको औषत उचाई करिब १३ मि.हुनेछ। यस आयोजनाको पोल निर्माण/जडान गर्न करिव ०.१४८५ हेक्टर र राइट अफ वे का लागि ४.३२ हेक्टर जग्गा स्थायी वा अस्थायी रुपमा अधिग्रहण गरिने छ।
५. यो प्रसारण लाईनको राइट अफ वे (RoW) विद्युत नियमावली २०५० मा तोकिए बमोजिम न्यूनतम दूरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट ६ मिटर (मध्य विन्दुबाट ३/३ मि. दायाँ बायाँ) कायम गरिने छ।
६. यो प्रसारण लाईनको निर्माण कार्य ६ महिना भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यो प्रसारण लाईनको निर्माण तथा संचालन गर्दा विद्युत ऐन २०४९ को दफा २४ बमोजिम भु-क्षय, बाढी, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखनिय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरु बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिने छ।

टक्सार पिखुवाखोला हाईड्रोपावर प्रा.लि.
खिचापोखरी -२२, न्यूरोड काठमाडौं।
फोन नं. ०१-४२२१७७७
इमेल : taksarpikhuwahpp2017@gmail.com

वा

विद्युत विकास विभाग
सानो गौचरण, काठमाडौं
पोष्ट बक्स नं. २५०७
सम्पर्क नं. ०१-४४११५३७



Provincial Government
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
Gandaki Province, Pokhara, Nepal

**Invitation for Bid**

**First Date of publication: 2077/01/26 (08 May 2020)**
**Contract Identification No: 05/TID-Gandaki/NCB/Seti(masdighat)/076-77**

**1.** The Transport Infrastructure Directorate, Gandaki Province, Pokhara, Nepal invites electronic bids from eligible bidders for the construction of the Project mentioned in table below under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N | Contract ID | Works Descriptions | Bid Document Fee Details | Bid Validity | Bid Security Amount and Validity |
|---|---|---|---|---|---|
| 1 | 05/TID-Gandaki/NCB/Seti (masdighat) /076-77 | Design and Build of Seti river bridge (masdighat), Tanahun Along Masdi-Talbari-Sano bhanjyang-Khalte Road | **NRs. 10000.00** **Revenue Account No:** KA-1-1-01 **Office Code No:** 3370139014 **Revenue Heading No:**14229 **Account Operating Office:** Transport Infrastructure Directorate Gandaki Province, Pokhara | 120 Days | NRs. **4.3** million 30 days after bid validity |

**2.** Electronic bids (one Technical Bid and other Price Bid) must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 ***Hrs.*** **on 25 Jestha, 2077 (7June, 2020)**. Bids received after this deadline will be rejected

**3.** The Technical bids will be opened electronically in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs.on 25 Jestha, 2077 (07 June, 2020) at the office of Transport Infrastructure Directorate, Gandaki Province, Pokhara, Nepal


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित। कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं। पो.ब.नं. २०४५। फोनः ४-२६११७९। फ्याक्सः ४-२१८९९०। Email: nepalsamacharpatra@gmail.com। प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ। सम्पादकः कपिल काफ्ले